लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email:** akcbanke@gmail.com
**Website:** akcbanke.lumbini.gov.np

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) तथा ५ ( ४ ) र नियमावली २०६५ को नियम ३ अनुसार प्रकाशित
## आ.व. २०८२/८३ (बि.सं. २०८२ माघ महिना देखि २०८२ चैत्र मसान्त सम्म )

### १. निकायको प्रकृति र स्वरूप

राज्यमा शासकीय प्रणालीको पुर्न संरचना भए संगै तत्कालिन जिल्ला कृषि विकास कार्यालयहरुको खारेजी पश्चात प्रदेश सरकार मातहत रहने गरी बाँके र बर्दिया कार्यक्षेत्र हुने गरि २०७५ भाद्र २८ गते कृषि ज्ञान केन्द्र, बाँकेको बिधिवत उद्घाटन भई कार्य प्रारम्भ भएको हो । तत्कालिन जिल्ला कृषि बिकास कार्यालयको परिसरमा यस केन्द्र रहेको छ ।जिल्ला कृषि बिकास कार्यालयहरुको खारेजी पश्चात व्यवसायिक उत्पादकहरुलाई बिज्ञ सेवा प्रवाह गर्न र स्थानीयतहका कृषि प्राविधिकहरु लाई कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सहजिकरण र क्षमता बिकासमा टेवा पुर्याउने सन्दर्भमा कृषि ज्ञान केन्द्रको भुमिका महत्वपुर्ण ठानिएको छ ।बर्दिया जिल्लामा साबिक जिल्ला कृषि बिकास कार्यालयको भवनमा जिल्ला सम्पर्क केन्द्र स्थापना गरी स्थानीय कृषकको सहजताका लागी सोहि सम्पर्क केन्द्रबाट कार्य सन्चालन हुदै आएकोमा २०७७ साल श्रावन २१ गते देखि बिधिवत रुपमा एकिकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय स्थापना भए देखि कृषि ज्ञान केन्द्र, बाँकेले बाँके जिल्लामा मात्र कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।कृषकलाई बिशेषज्ञ सेवा प्रदान, कृषि व्यवसायको विकास सम्बन्धी टेवा, केन्द्रीय र स्थानीयतहहरुसंग समन्वय, जिल्ला स्तरीय कार्यक्रम कार्यान्वयन तथा जिल्ला स्तरीय तथ्यांक अद्यावधिक गर्ने कार्यहरु यस केन्द्रले गर्दे आएको छ ।

### २. निकायको काम र कर्तव्य


- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परिक्षण तथा भ्यालिडेसन परिक्षण संचालन गर्ने,
- माटो तथा मल, बाली संरक्षण र वीउविजन परिक्षण सम्बन्धि सामान्य प्रयोगशाला सेवा,
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यबसायीहरुको लागी कृषिसँग सम्बन्धित विशिष्टीकृत ज्ञान शीप प्रदान गर्न एडभान्स तालिम संचालन गर्ने,
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा,
- प्रदेश अन्तर्गत संचालन हुने संघिय कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दूको रुपमा कार्य गर्ने,
- प्रदेश सरकार मार्फत संचालन हुने कृषि विकास कार्यक्रम, आयोजना संचालनमा प्रदेश सरकारलाई सहयोग गर्ने
- कृषि आर्थिक महत्वका स्थानिय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्ने, कृषि अनुसन्धान परिषदको वाह्य अनुसन्धान स्थल ( Outreach site ) को रुपमा कार्य गर्ने, वीउ विजन तथा उन्नत नश्लको लागी श्रोतकेन्द्रको रुपमा कार्य गर्ने,
- स्थानीय तह र कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धि कार्य,
- बहु स्थानीय तह समेटि कार्यान्वयन हुने संघीय आयोजनाहरुको संचालन र नियन्त्रण,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्र भित्रका पकेट, ब्लक, जोन तथा सुपरजोनहरुको लागी प्राविधिक सेवा टेवा,

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
(दशौं तह)

- एग्री इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली बस्तु विकासको योजना, मूल्य अभिबृद्धि श्रृंखला विकास तथा कार्यान्वयनको समन्वय
- कृषि स्नातक तथा जे.टी./ जे. टी. ए. कोर्ष अध्ययनरत विद्यार्थीहरुका लागी इन्टर्नसिप कार्यक्रम संचालन गर्ने,
- स्थानीय तहका कृषि विकासका इकाईहरुबाट कृषि सम्बन्धी तथ्यांक संकलन तथा अध्यावधिक गर्ने साथै संकलित तथ्यांक प्रदेश र संघिय तालुक निकायहरुमा पठाउने ।
- आफ्नै कमाण्ड क्षेत्रभित्र कृषि उद्यम तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागी व्यवसाय विकास सेवा उपलव्ध गराउ
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।

## ३. निकायमा रहने कर्मचारी विवरण

कार्यालयको सांगठनिक संरचना




यस कार्यालयको स्वीकृत दरवन्दी १७ जनाको रहेकोमा हाललाई पदपूर्ति भएको पद, कार्यरत कर्मचारीको विवरण तथा परामर्श सेवाका करार कर्मचारीहरुको विवरण यस प्रकार रहेको छ;

| क्र स | नाम थर | पद | ठेगाना |
|---|---|---|---|
| १ | विनोद घिमिरे | कार्यालय प्रमुख | शिवराज न.पा. ५, कपिलबस्तु |
| २ | मनोज कुमार सिंह | वरिष्ठ कृषि प्रसार अधिकृत | लमही न.पा. ५,दाङ्ग |
| ३ | सन्तोष पाठक | वरिष्ठ वागवानी विकास अधिकृत | जानकी गा.पा. ४, बाँके |
| ४ | सुजिता शर्मा | वरिष्ठ कृषि प्रसार अधिकृत | शिवराज न.पा. ५, कपिलबस्तु |
| ५ | खडक वहादुर वस्नेत | कृषि प्राविधिक अधिकृत | मधुवन न.पा. ९, बर्दिया |
| ६ | कमल रेग्मी | बाली अधिकृत | घोराही उ.म.न.पा १५, दाङ्ग |
| ७ | पृथ्वीनारायण थारु | लेखापाल | ठाकुरवाबा न.पा ४, बर्दिया |
| ८ | टिकाराम अधिकारी | खरिदार | बढैयाताल गा.पा. २, बर्दिया |
| ९ | खेमराज चौधरी | ह.स.चा | राप्तीसोनारी गा.पा.४, बाँके |
| १० | जगतराम गोडिया | कार्यालय सहयोगी | नेपालगंज उ.म.न.पा २२, बाँके |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक

| | | | |
|---|---|---|---|
| ११ | जनक बहादुर नाथ | कार्यालय सहयोगी | जुनिचाँदे गा.पा २, जाजरकोट |
| १२ | भगेलु लुहार | कार्यालय सहयोगी | डुडुवा गा.पा २, बाँके |

परामर्श सेवाका करार कर्मचारीहरु

| क्र.स | कर्मचारीको नाम, थर | तह/श्रेणी | पद |
|---|---|---|---|
| १ | श्री शेखर पौडेल | छैठौ | कृषि इन्जिनियर |
| २ | श्री खड्क खत्री | चौथो | नायव प्राविधिक सहायक |
| ३ | श्री अंग राज बुढा | चौथो | नायव प्राविधिक सहायक |
| ४ | श्री धनराज रावत | चौथो | नायव प्राविधिक सहायक |
| ५ | श्री भुवन प्रसाद पन्त | चौथो | नायव प्राविधिक सहायक |
| ६ | श्री रत्ना कुमारी तिरुवा | चौथो | नायव प्राविधिक सहायक |
| ७ | श्री मसुद खाँ | श्रेणी विहिन | माली |
| ८ | जानकी गोडिया | श्रेणी बिहिन | स्वीपर |

## ४. निकायबाट प्रदान गरिने सेवा र शाखा सम्बन्धी विवरण

| सि.नं. | सेवा सुविधाहरुको विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रकृया/पेश गर्नुपर्ने कागजात | लाग्ने शुल्क | लाग्ने सयम | सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी/शाखा |
|---|---|---|---|---|---|
| १ | प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान | लिखित/मौखिक | निःशुल्क | सोहि दिन | विशेषज्ञ सेवा शाखा |
| २ | कृषि व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक/आर्थिक सहयोग | सम्बन्धित सूचनामा माग भए अनुसार | निःशुल्क | सूचनामा तोकिए अनुसार | सूचनामा तोकिए अनुसार |
| ३ | प्राविधिक कर्मचारी तथा कृषकको क्षमता अभिवृद्धि | आवश्यकता अनुसार/लक्ष्य अनुसार | निःशुल्क | लक्ष्यमा तोकिए अनुसार | तालिम तथा प्रसार शाखा |
| ४ | तालिम तथा गोष्ठीमा कृषक सहभागी गराउने (प्रदेश/जिल्लास्तर) | सम्बन्धित कार्यालयको माग अनुसार | निःशुल्क | लक्ष्यमा तोकिए अनुसार | तालिम तथा प्रसार शाखा |
| ५ | आकस्मिक बाली संरक्षण सेवा | लिखित/मौखिक | निःशुल्क | बढीमा ७ दिन | विशेषज्ञ सेवा शाखा |
| ६ | बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र | बीउ बिजन व्यवसायी एवं अनुगमन निर्देशिका, २०७३ को दफा ३ अनुसारका कागजात | रु. ४००/- | बढीमा ७ दिन | विशेषज्ञ सेवा शाखा |
| ७ | बीउ विजन विक्रेता अनुमतिपत्र नविकरण | नवीकरण निवेदन, अनुमति पत्रको प्रतिलिपि, गत आ.व. को करचुक्ताको कागजात, तथा वार्षिक बीउको कारोबारको विवरण | रु. २००/- र तोकिए अनुसारको जरिवाना | सोहि दिन | विशेषज्ञ सेवा शाखा |
| ८ | खुद्रा विषादी विक्रेता इजाजत पत्र नवीकरण सिफारिस | निवेदन, व्यवसाय दर्ता, PAN/VAT दर्ता, गत आ.व. को करचुक्ताको कागजात तथा विषादी निरीक्षणबाट प्रमाणित चेकलिष्ट | निःशुल्क | बढीमा ३ दिन | विशेषज्ञ सेवा शाखा |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | कृषि उद्यम/व्यवसाय विकास तथा मुल्य श्रृखंला विकास परामर्श | लिखित/मौखिक | नि:शुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा |
| १० | कृषि तथ्यांक सम्बन्धी जानकारी, पाक्षिक खुद्रा तथा थोक मुल्य सम्बन्धी जानकारी | जानकारीको प्रकृति अनुसार लिखित तथा मौखिक | नि:शुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा |
| ११ | सामान्य प्रयोगशाला सेवा/सहजीकरण | कार्यालयको माग अनुसार | नि:शुल्क/ तोकिए अनुसार | लक्ष्यमा तोकिए अनुसार/माग अनुसार | विशेषज्ञ सेवा शाखा |
| १२ | आर्थिक महत्वका कृषि जैविक विविधताको पहिचान, संरक्षण तथा उपयोगमा सहयोग/सहजीकरण | माग अनुसार | नि:शुल्क/ तोकिए अनुसार | लक्ष्यमा तोकिए अनुसार | विशेषज्ञ सेवा शाखा/अध्ययन परिक्षण तथा तथ्यांक शाखा/तालिम तथा प्रसार शाखा |
| १३ | अध्ययन तथा परिक्षणका लागि प्राविधिक सहयोग | लिखित निवेदन | नि:शुल्क | सोहि दिन | अध्ययन परिक्षण तथा तथ्यांक शाखा/तालिम तथा प्रसार शाखा |
| १४ | दैनिक प्रशासानिक सेवा तथा सोधपुछ | लिखित/मौखिक | नि:शुल्क | सोहि दिन | प्रशासन शाखा |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- प्राविधिक सेवा, सल्लाह तथा समस्या निदान, निशुल्क, सम्भव भए सम्म छिटो प्राप्त हुने ।
- बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र जारी गरे वापत रु. ५००/- लाग्ने, बढीमा ७ दिन भित्र ।
- बीउ विजन उत्पादन वा खरिद बिक्रि वितरण अनुमति पत्र म्याद सकिनु भन्दा १५ दिन अगावै निवेदन दिएमा नवीकरण गरे वापत रु. २००/- लाग्ने र म्याद गुज्रेको ३ महिना सम्म मनासिव कारण देखाई निवेदन दिएमा थप रु. २००/- जरिवाना लाग्ने, सम्भव भए सम्म छिटो । खुद्रा विषादी विक्रेता इजाजत पत्र नवीकरण सिफारिस, निशुल्क, बढीमा ३ दिन भित्र ।

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकार

- कार्यालय संचालन सम्बन्धी निर्णय प्रचलित नियमको अधिनमा रहि कार्यालय प्रमुखबाट वा आवश्यकता अनुसार कार्यालय बैठक, खरिद इकाई वा मुल्यांकन समिति मार्फत ।
- कृषि व्यवसाय प्रवर्द्धनका लागि प्राविधिक / आर्थिक सहयोग सम्बन्धी निर्णय जिल्लास्तरीय कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधिले निर्दिष्ट गरेको जिल्लास्तरीय कार्यक्रम व्यवस्थापन समिति मार्फत ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

गुनासो सुन्ने अधिकारी श्री मनोज कुमार सिंह, वरिष्ठ कृषि प्रसार अधिकृत (आठौं)

## ८. सम्पादन गरेको कामको विवरण

कृषि विकास कार्यक्रम कार्यान्वयन गरी सम्पन्न गरिएको घुम्ती स्थलगत तालिम , पि वि एस वीउ आलु वितरण कार्यक्रम, कार्यक्रमहरुको स्थलगत प्रमाणीकरण, स्थानिय तहसँगको समन्वयमा तथ्याङ्क भेलिडिसन गोष्ठी, विश्व माटो दिवस कार्यक्रम संचालन ,महिला लक्षित उन्नत किट वितरण कार्यक्रम, बाली कटानी कार्यक्रम आदि

## ९. प्रमुख र सूचना अधिकारीको विवरण

प्रमुख श्री विनोद घिमिरे, बरिष्ठ कृषि अर्थ विज्ञ (अधिकृतस्तर दशौं )

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

• सूचना अधिकारी श्री सन्तोष पाठक, वरिष्ठ वागवानी विकास अधिकृत (अधिकृतस्तर आठौं)

## १०. ऐन, नियम, विनियम, निर्देशिकाको सुची

- सूचनाको हक सम्बन्धि ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- बीउ विजन उत्पादन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०८२
- सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- वीउ विजन एन, २०४५ तथा वीउ विजन नियमावली
- जीवनाशक विषादी एन २०७६

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण ( बजेट रु. हजारमा)

| बजेट उप-शीर्षक नम्बर अनुसार कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट | | | नौमासिक खर्च | | | खर्च प्रतिशत वार्षिक विनियोजनको तुलनामा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| साधारण | १९४५८ | ९३० | २०३८८ | १०५८१.५ | ६३६.४ | ११२१७.९ | ५४.३८ | ६८.४३ | ५५.०२ |
| कृषि उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | १७५६० | ०.० | १७५६० | ३१९०.३ | ०.० | ३१९०.३ | १८.१६ | ० | १८.१६ |
| सहकारी तथा गरिबी निवारण कार्यक्रम | ९५० | ०.० | ९५० | १५३.८ | ०.० | १५३.८ | १६.८२ | ० | १६.८२ |
| राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम | २५०५ | ०.० | २५०५ | ०.० | ०.० | ०.० | ० | ० | ०.० |
| कृषि विभाग(संघ शसर्त अनुदान) | ३४०० | ०.० | ३४०० | ०.० | ०.० | ०.० | ० | ० | ०.० |
| कुल जम्मा | ४३८७३ | ९३० | ४४८०३ | १३९२५.६ | ६३६.४ | १४५६२.० | ३१.७४ | ६८.४३ | ३२.५० |
| वार्षिक विनियोजनको तुलनामा कुल खर्च प्रतिशतः ३२.५० | | | | | | | | | |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

राजश्व विवरण

| क्र.सं. | राजश्वको किसिम | रकम रु. हजारमा | कैफियत |
|---|---|---|---|
| १ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ३०.७ | |
| २ | १५१११- बेरुजु | २९.१८ | |
| जम्मा | | ५९.८८ | |

## १२. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | प्रगति अवस्था (क्षेत्रविस्तार-हे., उत्पादन परिमाण-मे.टन, कारोबार रकम-रु. हजारमा, प्रत्यक्ष रोजगारी श्रृजना (श्रमदिन) –.) |
|---|---|---|
| १ | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम | तालिम, बीउ तथा हर्मेटिक ब्याग वितरण गरी १०५ हे. मा मसुरो खेति प्रवर्द्धन गरिएको |
| २ | माटो व्यवस्थापन कार्यक्रम | १४२ वटा माटो परिक्षण, ४ वटा तालिमबाट १५६ जना कृषकको क्षमता अभिवृद्धि, गड्यौला मल उत्पादनका लागि ६ सेट भर्मी बेड र हजारी वितरण, १२३ घरधुरीलाई भर्मिक्म्पोष्ट मल र वेष्ट डिकम्पोजर वितरण |
| ३ | सिंचाइ आयोजनाहरुको कमाण्ड क्षेत्रमा बाली सघनता वृद्धि कार्यक्रम | १ वटा अभिमुखीकरण गोष्ठी, ८ वटा स्थलगत तालिम, प्रचार प्रसार सामाग्री प्रकाशन गरी वितरण तथा १२७ हेक्टरमा बसन्ते मकै खेति विस्तारका लागि बीउ तथा विषादी वितरण गरिएको |
| ४ | वीउ उत्पादन कार्यक्रम | ३० हेक्टर क्षेत्रफलमा १०२ मे. टन उन्नत गहुँ बीउ उत्पादनमा सहयोग गरिएको |
| ५ | लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम | मुक्त कमैया र मुक्त कम्लहरीका ५२ घरधुरीलाई स्प्रे टंकी, राधा ४ जातको धानको बीउ, विषादी, नर्सरी ट्रे, कोकोपिट, प्लास्टिक क्यारेट आदि कृषि सामाग्रीहरु उपलब्ध गराइएको |
| ६ | स्वच्छ र स्वस्थ उत्पादनका लागि सचेतना कार्यक्रम | ५६ जना विद्यार्थीहरुलाई स्कुल सचेतना कार्यक्रम, २७ जना एग्रोभेट संचालकहरुलाई ३ दिने पुनर्ताजगी तालिम संचालन गरिएको, ५७ वटा सरकारी कार्यालयहरुलाई सचेतना कार्यक्रम तथा १००० वटा सन्देशमुलक लिफलेट छपाई तथा वितरण |
| ७ | शुलभ कर्जा व्याजमा अनुदान सहयोग कार्यक्रम | मन्त्रालयबाट गठित समितिबाट अनुगमन भई प्रतिवेदन निर्णय सहित पठाइएको। |
| ८ | कृषक प्राविधिक भेटघाट कार्यक्रम | ८ वटै पालिकाका कृषक समुदाय बीच पुगेर समस्या, समस्याका कारण र कृषि ज्ञान केन्द्रबाट राखेको अपेक्षाको बारेमा अन्तरक्रिया सम्पन्न गरिएको |

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-बाली निर्देशक (दशौं तह)

१३. सार्वजनिक निकायको वेबसाईट

रेडियो, टिभी तथा पत्र-पत्रिका मार्फत विषादीको उचित प्रयोग तथा विषादीबाट हुन सक्ने हानी बारे जानकारीमुलक सन्देश प्रशारण गरिएको ५ जना ना.प्रा.स. कर्मचारीहरु कार्यरत रहेको र कृषि विकास कार्यक्रमको स्थलगत प्रमाणीकरण, कार्य सम्पन्न अनुगमन तथा तथ्यांक संकलनमा सहयोग गरिरहेको । यस कृषि ज्ञान केन्द्र, बाँकेको वेबसाईट akcbanke.lumbini.gov.np रहेको छ ।

१४. वैदेशिक ऋण / अनुदान / सहयोग

नरहेको ।

१५. आ.व २०८२/०८३ मा हाल श्रावण महिना देखि चैत्र मसान्तसम्म सम्पादित कार्यक्रमको प्रगति विवरण

| कार्यक्रमको नाम | लक्ष्य र एकाई | प्रगति | अपेक्षित उपलब्धि |
|---|---|---|---|
| महिला बालबालिका लक्षित पोषण सुधार कार्यक्रम | १२०० संख्या | ९८० | • लक्षित परिवारमा ताजा तथा पोषणयुक्त तरकारीको पहुँच वृद्धि भईखमहिला तथा बालबालिकाको पोषण अवस्थामा सुधार आउने। |
| रैथाने वाली तथा स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम | १ पटक | १ पटक | भुक्तानि भैसकेको । |
| व्यावसायिक कृषि फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | ५०संख्या | ११ संख्या | ११ वटा फर्मको अनुगमन तथा प्राविधिक पृष्ठपोषण, |
| बालीबस्तु विशेष प्रवर्द्धन कार्यक्रम (वीउ आत्मनिर्भर कार्यक्रम) | १५ हे | ०.८ हे | १.४ मे ट राज्माको बीउ उत्पादन भएको जसबाट १३ जना कृषक लाभान्वित । |
| PEARLS तथा MCI विधिका आधारमा सहकारी संस्थाहरुको सहभागिता मूलक वार्षिक कार्यसम्पादन मूल्याङ्कन कार्यक्रम | १ पटक | १ पटक | सहकारी प्रशिक्षालय तथा मन्त्रालयसँग समन्वय भएको |
| लक्षित वर्ग विशेष कार्यक्रम | ९० संख्या | ० | लाभग्राही छनौट तथा कृषि उत्पादन सामाग्री खरिदका लागि प्रकिय अघि बढेको |
| सिंचित क्षेत्र लक्षित वाली सघनता वृद्धि कार्यक्रम | ७० हे | ५६ हे | कार्यक्रम कार्यान्वयन भई भुक्तानीको चरणमा रहेको,बर्णशंकर तथा उन्नत मकै वीउ वितरणका लागि तयारी, अनुमान २८० मेट उत्पादन हुने |
| सिंचाइ सहित कृषि विकास कार्यक्रम | ६० संख्या | २४ संख्या | १७ वटा अनुदानग्राहिको भुक्तानि भएको र बाँकि भुक्तानिको चरणमा रहेको । |
| एकीकृत कृषि/सिंचाइ विकास कार्यक्रम | १५ हे | १० हे | १० हेक्टर क्षेत्रफलमा कार्यक्रम कार्यान्वयन भई बसन्ते मकैलाई विस्तार गरिएको , अनुमानित ३२ मे ट उत्पादन हुने, लाभान्वित हुने घरधुरी संख्या : ११३ |

सरकारको १०० कार्यसूचीको बुँदा नं २ मा उल्लेखित कार्यसंग सम्बन्धि कार्यक्रमहरुको प्रगति

| क्र.सं. | प्रमुख कार्य | इकाई | लक्ष्य | प्रगती |
|---|---|---|---|---|
| १ | व्यावसायिक कृषकको खेतवारीमा पुगी प्राविधिक सेवा | जना | २०० | १३५ |
| २ | एग्रोभेट, वीउ/मल उत्पादक, नर्सरी अनुगमन, नियमन तथा प्रतिवेदन | संख्या | ४० | २२ |
| ३ | विषादीको उचित प्रयोग सम्बन्धी सचेतना | जना | १०० | ४० |

• पि.भि.एस./भि.उ. आलुको कार्डिनल जातका २,५०० दाना बीउ वितरण गरी Potato Seed Production Cycle कायम राख्ने कार्य सम्पन्न गरिएको। उक्त कार्यक्रममार्फत करिब ३०० के.जी. आलु उत्पादन भई आगामी

डा. ... कार्यालय प्रमुख
कृषि-अर्थ निर्देशक (दशौं तह)

मौसमका लागि गुणस्तरीय बीउका रूपमा तयारी अवस्थामा रहेको छ। यसबाट स्थानीय स्तरमा उन्नत बीउको उपलब्धता वृद्धि हुनुका साथै आलु बीउ उत्पादन चक्र दिगो रूपमा सञ्चालन गर्न सहयोग पुगेको छ।

- आदर्श माध्यमिक विद्यालय, खजुरा–४ मा सञ्चालन गरिएको स्कुल हर्टिकल्चर कार्यक्रम अन्तर्गत विद्यालय परिसरमा तरकारी तथा बागवानी खेती प्रवर्द्धन गर्ने कार्य सम्पन्न गरिएको। उक्त कार्यक्रममार्फत विद्यार्थीहरूलाई कृषि, पोषण तथा वातावरण संरक्षणसम्बन्धी व्यवहारिक ज्ञान प्रदान गर्नुका साथै विद्यालयस्तरमै करेसाबारी व्यवस्थापन र ताजा तरकारी उत्पादनमा प्रोत्साहन गरिएको छ। यस कार्यक्रमले विद्यार्थीहरूमा कृषि प्रतिको रुचि अभिवृद्धि हुनुका साथै पोषण सुधार र आत्मनिर्भर बानीको विकासमा सहयोग पुगेको छ।
- महिला लक्षित किट वितरण कार्यक्रम अन्तर्गत ८९५ जना सदस्य लाभान्वित भएका छन्। उक्त कार्यक्रममार्फत महिलाहरूलाई आवश्यक कृषि तथा पोषणसम्बन्धी सामग्री उपलब्ध गराई आत्मनिर्भरता अभिवृद्धि, आयआर्जनमा सहयोग तथा पोषण सुधारमा टेवा पुऱ्याइएको छ। साथै, कार्यक्रमले महिलाहरूमा उत्पादनमुखी कार्यप्रति उत्साह वृद्धि गर्नुका साथै घरायसी खाद्य तथा पोषण सुरक्षामा सकारात्मक प्रभाव पारेको छ।
- निर्वाचन क्षेत्र लक्षित योजना तर्जुमा कार्यक्रम अन्तर्गत स्थानीय आवश्यकता, सम्भाव्यता तथा समुदायको मागका आधारमा विकास योजनाहरू छनोट तथा तर्जुमा गर्ने कार्य सम्पन्न गरिएको। उक्त कार्यक्रममार्फत स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायबीच समन्वय र सहभागिता अभिवृद्धि भई प्राथमिकताका आधारमा योजना निर्माण गर्ने वातावरण सिर्जना भएको छ। यसले क्षेत्रगत विकास, स्रोत साधनको प्रभावकारी परिचालन तथा दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।
- राष्ट्रिय गँहू बाली अनुसन्धान कार्यक्रम भैरहवामा १४ जना गँहूको बीउ उत्पादक तथा व्यवसायिक कृषकलाई अवलोकन भ्रमण लगी कृषक, अनुसन्धानकर्ता तथा प्राविधिकबीच अनुभव आदानप्रदान गर्ने वातावरण सिर्जना भएको ।
- रासायनिक विषादीहरुको नकरात्मक असरहरु तथा न्यूनिकरणका उपायहरु बारेमा स्कूल शिक्षा कार्यक्रम तथा तरकारी पकेट क्षेत्रमा विषादी व्यवस्थापन सचेतना कार्यक्रम सम्पन्न ।
- गत आ.व यान्त्रिकरण कार्यक्रम मार्फत अनुदान प्राप्त ३८ जना कृषककलाई कृषि यन्त्र संचालन तथा मर्मत सम्बन्धी तालिममा सहभागि गराई कृषि यन्त्र संचालन तथा मर्मत सम्बन्धी व्यवहारिक तथा सैद्धान्तिक रुपमा कृषकहरुलाई सिकाई सामान्य समस्याहरु निदान गर्न दक्ष बनाइयो ।
-

**१६. सूचनाको वर्गीकरण**

सबै सूचना खुल्ला रहेको ।

**१७. सूचनाको माग सम्बन्धी निवेदन**

प्राप्त नभएको ।

**१८. विवरण अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण**

कार्यालयको वार्षिक प्रगति पुस्तिका तथा कार्यालयको वेबसाइट तथा फेसबुक पेज ।

तयार गर्ने
सुजिता शर्मा
सुचना अधिकारी/ वरिष्ठ कृषि प्रसार अधिकृत

प्रमाणित गर्ने
डा. विनोद घिमिरे
कार्यालय प्रमुख

डा. विनोद घिमिरे
कार्यालय प्रमुख
कृषि-प्रसार निर्देशक (दशौं तह)